# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०७८ माघ, वर्ष १० अंक २ (डिजिटल अंक)




**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020














# १६ औं वर्षमा प्रवेश

मुक्तिनाथ विकास बैंक १५ औं वर्ष पार गरी १६ औं वर्षमा प्रवेश गरेको अवसरमा पौष १९, २०७८ गते विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो ।

यस अवसरमा बैंकले डिजिटल माध्यमद्वारा एकैसाथ ३२ वटा शाखाको केन्द्रीय कार्यालयबाटै समुद्घाटन गरेको छ । बैंकले प्रदेश नं. १ मा ४ वटा, मधेश प्रदेशमा ५ वटा, बाग्मती प्रदेशमा १३ वटा, गण्डकी प्रदेशमा २ वटा, लुम्बिनी प्रदेशमा ५ वटा र सुदुरपश्चिम प्रदेशमा ३ वटा शाखा कार्यालयहरूको औपचारीक रूपमा समुद्घाटन गरेको थियो । उक्त शाखाहरूको समुद्घाटन बैंकको अध्यक्ष श्री भरत राज ढकालले गर्नुभएको थियो । उक्त समारोहमा बैंकको वर्तमान सञ्चालकहरू, पूर्व सञ्चालकहरू, संस्थापक सेयरधनीहरू, तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

सोही अवसरमा बैंकले सातै प्रदेशका क्षेत्रीय कार्यालयहरू तथा शाखाहरूमा विभिन्न सामाजिक कार्यक्रमहरू गरेको छ । जसमध्ये, विद्यालयमा स्टेशनरीका सामाग्रीहरू तथा फर्नीचर वितरण, विभिन्न अनाथलय तथा वृद्धाश्रमहरूमा खाद्यान्न तथा लत्ताकपडा वितरण, विभिन्न ठाउँहरूमा डस्टवीन वितरण, वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ्ग साक्षरताका कार्यक्रम, विद्यार्थीहरूलाई न्यानो कपडा, स्कूल झोला वितरण, विद्यालयका पुस्तकालयलाई बस्ने कुर्सी लगायत विभिन्न संस्थाहरूलाई आर्थिक सहयोग गरेको हो ।

त्यसैगरी, बैंकले केन्द्रीय कार्यालय, कमलादी र पोखरा क्षेत्रीय कार्यालयमा वृहत रक्तदान कार्यक्रम पनि सञ्चालन गरेको थियो । उक्त कार्यक्रमबाट कुल २०२ पिन्ट रगत संकलन गरी ग्राण्डी अस्पताललाई हस्तान्तरण गरिएको थियो ।

बैंकले १६ औं वर्षमा प्रवेश गरेको अवसरमा मुक्तिनाथ इन्ट्रा फुटसल प्रतियोगीताको आयोजना गरी विजेताहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

लेख



# मुक्तिनाथलाई चियाउँदा...

वि.सं. २०६३ साल पौष १९ गते स्थापना भएको मुक्तिनाथ विकास बैंक, नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त राष्ट्रिय स्तरको 'ख' वर्गको वित्तीय संस्था हो । "जनता बैकमा होइन, बैंक जनतामा जानु पर्दछ" भन्ने सिद्धान्त बोकेर अघि बढ्दै गर्दा धेरै टाढासम्मको गन्तब्यको सपना देखी लक्ष्यमा अलिकति पनि बिचलित नभई मुलुकभरी छाइरहेको यो बैंक साँच्चैनै उदाहरणीय बैंकको रूपमा स्थापित भएको छ ।

बैंकको सञ्चालक समिति र उच्च व्यवस्थापनमा रहनुभएको आदरणीय अग्रज व्यक्तित्वहरूको उचित निर्देशन तथा ब्यवस्थापन, बैंकले प्रदान गर्दै आइरहेको सेवाहरू तथा गर्नुपर्ने कार्यहरू अत्यन्तै लगनशील र कर्तब्यनिष्ठ भएर सम्पादन गर्ने कर्मचारीवर्गहरू, हाम्रा भगवानरूपी ग्राहकहरूको संस्थाप्रतिको विश्वास तथा आकर्षण, संस्था आफैले बोकेको सिद्धान्त जस्ता बिबिध पक्षको तालमेलले गर्दा संस्थाले आज १६७ वटा शाखा बिस्तार गरी विभिन्न सूचकहरूको आधारमा नम्बर १ विकास बैंकको रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ ।

समयको माग तथा ग्राहकहरूको सुबिधाको लागि बैकिङ्ग कारोबारमा सहजता ल्याउन डिजिटल बैकिङ्ग सुबिधा उपभोग तर्फ जोड दिँदै डिजिटल प्रोडक्टहरू ग्राहकहरू समक्ष पुऱ्याई रहेको छ । बैंकको समाबेशी बैंकिङ्ग विभागबाट प्रवाह हुँदै आइरहेको साना कर्जाले साना साना उद्यमीहरूको उद्यमशीलता विकास गरी आर्थिक अवस्था सुधार गर्न सहयोग पुऱ्याउँदै आइरहेको छ । बैंकले ग्राहकहरूको आवश्यकता अनुरूप धितो तथा बिनाधितो दुबै प्रकारको कर्जा प्रवाह गर्दै आइरहेको परिवेशमा साना तथा लघुवित्तको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै SME Financier of the Year-Asia, 2021 र EUROPEAN MICROFINANCE AWARD 2020 समेत प्राप्त गर्न सफल यस बैंकलाई साना तथा लघुवित्त क्षेत्रमा अझै उत्कृष्ट गर्नको लागि थप उत्साह मिलेको छ । ग्राहक र बैंकबीचको दुरी घटाई सबै प्रकारका ग्राहकहरूलाई सजिलैसंग बैकिङ्ग कारोबार गर्न सक्ने वातावरण बैंकले सिर्जना गरेको छ ।

बैंकबाट कर्जा लिएका गरिव ऋणी वा यस्ता ऋणीको संरक्षकको मृत्यु भयो भने कसरी असूली होला ? सबैको उत्तर हुन सक्दछ मृतक ऋणीको घरपरिवारलाई किस्ताको लागि ताकेता गर्ने । तर, मुक्तिनाथ विकास बैकको सवालमा भने यो नियम लागु हुँदैन । यस बैंकले समाबेशी बैकिङ्ग विभाग अन्तर्गत बैकमा नियमित रूपमा कारोबार गर्दै आइरहेका ग्राहकको असमायिक निधन भएपछि उहाँहरूले उपभोग गर्दै आइरहेको कर्जाको साँवा ब्याज मिनाह गर्नुको साथै उहाँहरूले तिरेको ऋणको रकम फिर्ता गरी काजकिरिया खर्च समेत उपलब्ध गराउने प्रणालीको विकास गरेको छ ।

कर्मचारीको मनोबल उच्च राख्न तथा संस्थाको सेवालाई उत्कृष्ट बनाउन विभिन्न शाखाका कर्मचारीहरू बीच समन्वय गर्दै विविध प्रकारका तालिम तथा औपचारिक भेटघाटका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा सहयोग पुऱ्याउँदै आइरहेको छ । विभिन्न ठाउँमा वित्तीय साक्षरता समबन्धी कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ ।

अन्त्यमा, मुक्तिनाथ विकास बैंक, एक वित्तीय सेवा प्रदायक मात्र नभएर यो एक आर्थिक तथा वित्तीय प्रणालीको अगुवा हो । यसले आफ्नै सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि. र सम्वद्ध कम्पनी मुक्तिनाथ कृषि कम्पनी संचालनमा ल्याई सकेको छ । भविष्यमा अन्य कम्पनीहरू पनि स्थापना गरी समग्र वित्तीय प्रणालीको नेतृत्व गने 'अपेक्षा गरेको छु ।



**बिन्दु तिमिल्सिना**
**कमलबिनायक शाखा,**
**भक्तपुर**





**किस्मत जङ्ग कार्की**
पृथ्वीचोक, कास्की

## निर्मलाको पत्र

# आमालाई...

आमा तिमी कति
आत्तिएकी हौली, म बिना
सोच्दै सोच्दै म त स्वर्गलोक
आईपुगे जीवन छोटो रहेछ,
तर अब आंशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा।

मात्तिएर हिडेकी हैन म आमा
तिम्लाई थाहा छ साथीहरूले डाकेर गएकी हुँ ।
निर्मला आउ भनेर भाकेर गएकी हुँ
के थाहा बीचमै कोही भेट होला भनेर
त्यो मेरो काल रहेछ,
लग्यो कहिल्यै नआउने गरी
तर अब आंशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

मेरो बाटो छेकियो आमा
कोही चिने जस्तो पनि लाग्यो कोही अपरिचित
मैले सोधे को भनेर, हामी तिम्रै मान्छे हौँ भन्दै हात समाउन थाले
उनीहरू रमाउन थाले, म कराउन थालें,
तर मर्छु भन्ने त कहाँ लागेको थियो र आमा ?
तर अब आँशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

मलाई एकछिन पछि कता लगे मैले पत्तो पाइन,
आमा... मुटु कामीरहेको थियो
मैले मन मनमा भगवान र तिमीलाई सम्झिएँ
तर आमा राक्षसहरूको भीड रहेछ त्यहाँ त
न तिम्रो ममताको केही लाग्यो, न भगवानको
तर अब आंशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

त्यस पछि के भयो त कसरी भनुँ आमा ?
मलाई तिम्रो संस्कारले सिकाएकै थिएन
तर तिम्रो धर्म र संस्कार नै पापीहरूले मेटिदिए आमा
मेरा सुनौला सपनाहरू रेटिदिए आमा
म कराँए तिम्ले बोली सुनिनौ
आवाज पनि सुन्थ्यौ कसरी ? राक्षसहरूको बीचमा निरीह भएँ आमा
एकछिनमै सबै लुटिएँ आमा ।
तर अब आंशु नझारी मेरा हत्यारा खोज है आमा,
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

आमा म होसमा थिईन,
मेरो अस्मिता रित्तिएको थियो
पिडा सकिएको थियो,
आमा आमा भन्न खोज्थे,
तर, कसरी सुन्थ्यौ र !
लाग्थ्यो अझै बाँच्छु कि भनेर
तर राक्षसहरूले बाँच्न दिएनन् आमा
तिम्रै नामसंगै मेरो अन्तिम सास रोकिएको थियो ।
तर अब आँशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

आमा नरूनु है,
बाबालाई पनि नसम्झेकी हैन
हुने खानेलाई कानूनले छोडला, पिर नगर आमा
भगवानले तिनलाई छोड्दैनन् आमा
तिनका छोरी पनि छन् होला,
तर अब आँशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

मेरो लागि सारा देश लागेको छ आमा
तिम्रो साथमा सारा जनमानस छ है
कत्ति नडराउ,
कानून यदि रहेछ भने न्याय मिल्छ आमा
म त तिम्रो धर्मले स्वर्गलोकमा छु
तर आत्मा त भड्किरहेको छ।
तर अब आँशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

तिम्रो लडाई, बाबाको लडाई
र सबै जनताको लडाई मेरा लागि मात्र हैन आमा,
देशको हजारौं निर्मलाहरूको लागि हो भनी दिनु है,
म जस्तो अरूलाई नहोस्
तर अब आंशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

म लुटिएर गएँ आमा
थिलोथिलो भएर गए आमा
जन्मको छैटो दिन लेखेकै भयो भनेर मन बुझाउनु आमा
जीवन छोटो रहेछ
खोटो पनि रहेछ
पुनर्जन्ममा भेटौंला आमा
ढोकामा रहेको मेरो फोटो हेर्नु आमा,
तर अब आंशु नझारी मेरा हत्यारा खोज है आमा
ती चिने जानेकै हुन् आमा
ती हुने खाने नै हुन् आमा ।

कविता



उर्मिला हुमागाँई
कुलेश्वर शाखा, काठमाडौं

# फूल पनि धिक्कार्छ आफैंलाई म किन फुलैं भनेर...

फक्रिन्छ त्यो फूल एउटा आफैंमा सुगन्ध लिएर,
चुडिँदिन्छन् यिनैं हातले भगवानको नाम दिएर ।
एक पल त रमाउछ त्यो फूल भगवानको पाउ पाँए भनेर,
आफू रित्तिएर पनि बस्छ त्यो बोट फेरि फक्रिने दिन गनेर ।

प्रसाद भनी लगाउँछन् त्यो फूल ती पुजारीले
केही पलमै जान्छ त्यो फूल पाउ मुनि कुल्चिएर,
त्यो फूल पनि धिक्कार्छ आफैंलाई म किन फूलैं भनेर ।
एक पलको खुसी अनि सम्मानका लागि म किन भुलैं भनेर ।

हरेकको पाउ मुनि पिल्सिनु परेको छ त्यो फूलले,
थिएन दोष प्रकृतिको यिनै पापी नजरको सानो भुलले ।
भन्छन् खुसी हुँदैनन् मन्दिरका भगवान पनि फूल बिना,
प्रसाद त प्रसादै हुन्छ फेरि त्यसलाई कुल्चिनु किन?

एक पलकै सम्मानका लागि भए पनि ती फूलले फुल्न छोडिनन्,
आफू भित्र भित्रै दुःखेर बाँचिरहिन् तर अरूको मन तोडिनन् ।
दोष दिन्नन् प्रकृतिलाई नियम बुझेर सजिएकी छिन् हर आँगनमा,
फक्रिन्छिन् समयसँगै विवाह व्रतबन्ध अनि लगनमा ।

कहिले काँही रमाउँछन् यी पापी नजर पनि ती फूलसँग,
बिचरी ती फूल पनि चाहे-नचाहे रमाउँछिन् आफ्नै, भुलसंग
आफ्नै भुलसंग ।



**संतोष दहाल**
धादिङ्ग उप क्षेत्रीय कार्यालय, धादिङ्ग

## हाम्रो
# मुक्तिनाथ



मेचीदेखि महाकाली सम्म
फैलिएको संजाल हाम्रो ।
गाउँदेखि शहर सम्म
बैंकिङ्ग सेवा सँधै राम्रो ॥

बच्चादेखि बुढा सम्म
सबैको माया र साथ ।
सँधै उत्कृष्ट सँधै पहिलो
हाम्रो मुक्तिनाथ ॥

जुन सुकै बैकिङ्ग कारोबार गर्न
मुक्तिनाथ नै रोज्नु होस ।
केही अप्ठ्यारा जिज्ञासा भए
मुक्ति भाइलाई सोध्नु होस् ॥

सानो ठूलो धनी गरिब
सेवामा कुनै भेदभाव छैन ।
मुक्तिनाथ नै रोज्नु होस
कुनै पनि चिन्ता हुने छैन ॥

लेख

# क्यूआर कोड

## डिजिटल बैंकिङ्गको नयाँ रूप



खगेन्द्र पुरी
विरेन्द्रनगर शाखा, सुर्खेत




क्यूआर कोडको पुरा रूप क्विक रेस्पोन्स कोड हो । कोड राखिएका कुनै पनि किसिमको जानकारीमा विश्वसनीय र तीव्र गतिमा पहुँच दिने हुँदा यो आज हरेक वस्तु तथा सेवा र त्यसको कारोबारमा प्रयोग भइरहेको छ । जापानको अटोमोबाइल उद्योगमा पहिलोपटक प्रयोग भएको यो प्रविधि आज मोबाइल मार्केटिङको रूपमा विश्वभर विस्तार भइरहेको छ, जुन नेपालमा पनि भित्रिएको छ । सेतो र कालो पिक्स प्याटर्नको सानो क्रसवर्ड पजल जस्तो देखिने क्यूआर कोडमा ब्राण्ड तथा कम्पनीको कोड हुन्छ, जसलाई तत्काल स्क्यान गरेर ठूलो डेटा क्षमता भएको प्रविधिले पहिचान गर्न सक्छ ।

क्यूआरकोड एप्लिकेसनमा आइटम पहिचान, ट्र्याकिङ तथा समय र दस्तावेज व्यवस्थापन आदि कुराहरू पर्दछन् । अफ स्मार्टफोनमै क्यूआर कोड स्क्यानरको सुविधा आउन थालेदेखि यो प्रविधि अफ सजिलो र सुविधाजनक भएको छ । तपाईंले मोबाइलमा थर्ड पार्टी क्यूआर कोड रिडर एप्लिकेसन इन्स्टल गर्न सक्नुहुन्छ । साथै गुगलले पनि यूआरएललाई सजिलै क्यूआरकोडमा परिवर्तन गर्न क्यूआर कोड जेनेरेटर प्रदान गरिरहेको छ । प्रयोगकर्ताहरूले सजिलै क्यामेरा एप खोलेर कोडमा फोकस गरेर प्रोडक्ट सम्बन्धी सम्पूर्ण जानकारी तत्काल हासिल गर्न सक्छन् । एसिया प्यासेफिक क्षेत्रमा सबै किसिमका कस्टमर ब्राण्डका लागि क्यूआरकोड एउटा सर्वोपरी उपाय बनिसकेको छ । क्यूआर कोड प्रविधि सेवा तथा वस्तुको सजिलो र विश्वसनीय पहुँचको बाटो मात्र होइन, कम्पनीहरूका लागि आफ्नो ब्राण्ड स्टोरी सुनाउने माध्यम समेत बनेको छ । दैनिक अर्बौं मानिसहरू मोबाइल भुक्तानी सेवा प्रयोग गर्छन् । उनीहरूले आफ्ना सबै किसिमका ईकमर्स, सोसल मिडिया तथा मोबिलिटी सर्भिसहरू एउटै सुपर एपभित्र समेटेर राखेका छन् । हाल नेपालमा रेस्टुरेन्टदेखि हस्पिटालिटी, सरकारदेखि सुरक्षा सम्बन्धी सूचना, बैंक तथा वित्तीय संस्थाहरूको जानकारी तथा रकम आदानप्रदानका लागि सबैमा सजिलै पहुँच पाउन क्यूआरकोड सजिलो माध्यम बनेको छ ।

नेपाल राष्ट्र बैंकले समेत क्यूआर कोडमा आधारित भुक्तानी प्रणालीलाई नियमन गर्न Nepal QR Standardization Framework and Guidelines तयार पारेको छ । क्यूआर कोड भुक्तानीलाई थप प्रभावकारी बनाई प्रवर्द्धन तथा नियमन गर्ने उद्देश्यका साथ

क्यूआर कोडको फ्रेमवर्क तथा गाईडलाइन तयार गरेको छ । उक्त गाईडलाइनमा सेवा प्रदायकले कुनै पनि ग्राहकले क्यूआर स्क्यान गरी सुरक्षित तवरले भुक्तानी गर्न सक्ने व्यवस्था मिलाउनुपर्ने, यसका साथै क्यूआर कोडको फ्रेमवर्क तथा गाईडलाइन अनुसार अनुमति पाएका पेमेन्ट सर्भिस अपरेटरले मात्र क्यूआर स्किम तथा नेटवर्क सञ्चालन गर्न पाउने उल्लेख गरिएको छ । त्यस्तै क्यूआर प्रयोग, मर्चेन्टको नियुक्ति र जारी गर्न अनुमति प्राप्त वित्तीय संस्था तथा वालेट कम्पनीले मात्र पाउने प्रावधान राखिएको छ। त्यस्तै क्यूआर भुक्तानीमा ग्राहकसँग कुनै शुल्क लिन नपाइने व्यवस्था गरिएको छ भने यसलाई कडाइका साथ लागू गर्नुपर्ने उल्लेख छ । उक्त गाईडलाइनले क्यूआर एपको सुरक्षा, सेक्युरिटी अडिट, नेटवर्कमा भएका संस्थाहरूबीचको सेटलमेन्ट, ग्राहकहरूको गुनासो सुन्नसक्ने व्यवस्था, क्यूआरको लोगो तथा ब्राण्डिङ लगायतका विषयहरू राखिएको छ ।

हाल आएर नेपालका बैंक तथा वित्तीय संस्थाहरू मार्फत अर्बौं सम्मको रकम क्युआर कोडबाटै हुन थालेको छ । जसको प्रत्यक्ष उदाहरण नेपाल राष्ट्र बैंकको २०७८ मंसिर महिनाको विद्युतीय प्रणालीको प्रतिवेदन अनुसार २०७८ कार्तिक महिनामा कुल कारोबार संख्या १,३८७,५८४ वटा र रकम रू. ५,३६,२०,००,०००/- र २०७८ मंसिर महिनामा कुल कारोबार संख्या १६,४९,३९७ र रकम रू. ६,२८,२०,००,०००/- भएकोले यसको प्रयोग बढ्दै गएको देखिन्छ ।

कागजी नोटको प्रयोगमा राज्यको खर्च हुन्छ । हामीले हजार रूपैयाँको नोट छाप्दा झन्डै साढे तीन रूपैयाँ लाग्छ । एक रूपैयाँको सिक्का छाप्न दुई रूपैयाँ खर्च गर्नुपर्छ । क्युआर कोडको प्रयोगले यो खर्च बचत हुन्छ । त्यसैगरी, यसले नोट धुलो-मैलो हुने समस्याबाट पनि बचाउँछ । यसले उपभोक्ता र सेवाप्रदायक दुवैको समय बचत गर्छ । यो प्रणालीको प्रयोगले केही सेकेन्डमै पैसा लेनदेन हुन्छ, जसले समय बचाउँछ । यो प्रणालीमार्फत गरिने कारोबार अत्यन्तै पारदर्शी हुन्छ । यसमा लुकीछिपी कोही–कसैले गलत काम गर्ने सम्भावना नै नहुने हुँदा यसमा तपाईंले गरेको कारोबार रेकर्डमै देखिन्छ । कोभिडको समयमा हामीले संक्रमणको समस्या भोग्नु पर्‍यो, त्यसको समाधानको लागि हाल आएर यही प्रविधिको प्रयोगमा छ । कार्डको प्रयोगमा छुनु सम्म पर्थ्यो भने, यो परैबाट देखाएर कारोबार गर्न सकिन्छ । नगदमा हुने कारोबारले धेरै खालका विकृतिहरू जन्माउँछ, जस्तैः भ्रष्टाचार, आपराधिक घटना वा काम, यी सबैमा नगद जोडिएका हुन्छन् । अधिकांश आपराधिक घटना वा विकृति नगदका कारणले निम्तिएका हुन्छन् । विधुतिय कारोबार गरेमा यी विकृति पनि घट्छन् । यी सहजताका बावजुत पनि बैंक तथा वित्तीय संस्थाहरूमा क्यूआर कोडको प्रयोगमा केही समस्या भने नभएका होइनन् जस्तो कि आम ग्राहकमाझ परिचित हुन नसक्नु, फोन नेटवर्कको समस्या हुने स्थानमा असहजता, क्यामेरा सहितको इन्टरनेट सुविधा भएका स्मार्टफोनबाट मात्र प्रयोग गर्न मिल्ने, भुक्तानीको जानकारी एसएमएस मार्फत समयमै नआउने, लगायतका कारणले कहिले काँही समस्या आउँछ । तथापि नगदरहित कारोबारले नै सुशासित समाजको विकास हुन सक्छ । हामीले संसारका मुलुकहरू हेर्‍यौं भने धेरै देशमा नगदरहित कारोबार हुने गरेको पाउँछौं । त्यसैले सभ्य र आधुनिक समाज निर्माणका साथै व्यक्ति स्वयम् आधुनिक, सभ्य र सुशासित हुन पनि आधुनिक प्रविधिको प्रयोग जरूरी छ ।

सन्दर्भ सामग्री

१. https://en.wikipedia.org/wiki/QR_code
२. https://www.nrb.org.np/contents/uploads/2021/03/NepalQR-Standardization-Framework-and-Guidelines.pdf






## “एचआरएम अवार्डस् फर कर्पोरेट एक्सिलेन्स २०२१” बाट पुरस्कृत

कर्पोरेट क्लबद्वारा आयोजित “एचआरएम अवार्डस् फर कर्पोरेट एक्सिलेन्स २०२१” को वित्तीय सेवाहरूको वर्गमा मुक्तिनाथ विकास बैंक विजेता भएको छ । काठमाडौंमा पुष २३, २०७८ मा आयोजना भएको उक्त कार्यक्रममा मुक्तिनाथ विकास बैंक, वित्तीय सेवाहरूको वर्गमा उत्कृष्ट बैंकको रूपमा पुरस्कृत भएको थियो । उक्त पुरस्कार बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले ग्रहण गर्नुभएको थियो । उक्त सम्मानले बैंकमा कार्यरत कर्मचारीहरूलाई अझै राम्रो सेवा प्रदान गर्ने उर्जा मिलेको छ ।

## “ग्लोबल एसएमई अवार्ड २०२१” बाट सम्मानित

विश्व बैंक समूहको अन्तर्राष्ट्रिय वित्त निगम (IFC), तथा SME Finance Forum द्वारा आयोजना गरेको र G20's Global Partnership for Financial Inclusion (GPFI) आवद्ध “ग्लोबल एसएमई अवार्ड २०२१” द्वारा मुक्तिनाथ विकास बैंक सम्मानित भएको छ । सो प्रतिस्पर्धा साना तथा लघुवित्त क्षेत्रमा काम गरिरहेका विश्वभरीका विभिन्न संघसंस्थाहरू सहभागी भएका थिए ।

साना तथा लघुवित्त क्षेत्रमा मुक्तिनाथ विकास बैंकले पुऱ्याएको योगदानको कदर गर्दै बैंकलाई Product Innovation of the year र "SME Financier of The Year- Asia" दुई विधामा सम्मानित गरिएको हो । यस सम्मानले बैंकलाई भविष्यमा साना तथा लघुवित्त क्षेत्रमा थप योगदान गर्नको लागि उत्साहित बनाएको छ ।



# Congratulations !



*We would like to congratulate*
*our Assistant Deputy Chief Executive Officer,*
***Mr. Til Bahadur Gurung***
*for being appointed as*
***Board of Director of Nepal Clearing House Ltd.***



# डिजिटल बैंकिङ्ग सचेतना अभियान

काठमाडौंका विभिन्न स्थानमा गुडीरहेको दुई पाङ्ग्राको अनौठो किसिमको सवारी साधनमा “स्मार्ट बनौं, डिजिटल बैंकिङ्ग रोजौं” भन्ने नारा राखी बैंकले आफ्नो बैंकिङ्ग साक्षरता अभियानको सुरुवात गरेको थियो । यसमा सवारी गरेका युवाहरूले डिजिटल बैंकिङ्ग सचेतनाको पर्चा वितरण गर्दै डिजिटल बैंकिङ्गको विभिन्न सुविधाबारे सर्वसाधरणलाई जानकारी गराएका थिए ।

यस अभियानबाट स्थानीय तहमै डिजिटल बैंकिङ्ग प्रविधि, सेवा सुविधा लगायत बैंकिङ्ग क्षेत्रका विविध आयामबारे जानकारी तथा चेतना पहूँच पुऱ्याएको थियो । यस तरिकाको सचेतना अभियान बैंकिङ्ग क्षेत्रमै नौलो प्रयास रहेको थियो ।






# हाम्रो सहकार्य

यस विकास बैंकले विभिन्न संस्थाहरूसँग सहकार्य गरी आफ्ना ग्राहकहरूलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । बैंकले विभिन्न व्यवसायिक संस्थाहरूसँग सहकार्य गरी ग्राहकहरूलाई विशेष छुटमा सेवा तथा सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

## ग्राहकहरूलाई विशेष छुट

| क्र.सं. | अस्पताल तथा ल्याव | ठेगाना | छुट % |
|---|---|---|---|
| १ | काठमाडौं नेचुरोप्याथी हस्पिटल | टोखा, काठमाडौं | १५ |
| २ | NEPMEDS प्रा.लि | गुहेश्वरी, काठमाडौं | १० |
| ३ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२ |
| ४ | इजि केयर प्रा.लि. | काठमाडौं | १२ |
| ५ | ओम समाज डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| ६ | चरायु नेशनल हस्पिटल | रिङ्गरोड, काठमाडौं | १५ |
| ७ | टेस्ला डाग्नोस्टिक क्लिनिक प्रा.लि | वालुवाटार, काठमाडौं | १० |
| ८ | DRISHTI आई केयर सेन्टर प्रा.लि | काठमाडौं | २० |
| ९ | KROWN ल्याबरेटोरी एण्ड रिफरल सेन्टर | भाटभटिनी, काठमाडौं | २५ |
| १० | भिजन कन्सर्न अप्टिकल एण्ड आइ क्लिनिक | चावहिल, काठमाडौं | ५ - २५ |
| **क्र.सं.** | **होटेल/रिसोट/अनलाईन साईट** | **ठेगाना** | **छुट %** |
| १ | सिद्धार्थ ग्रुप अफ हस्पिटालिटी | तनकुने, काठमाडौं | १० |
| २ | बाजेको सेकुवा | गैरीधारा, काठमाडौं | १० |
| ३ | ल्याण्डमार्क होटलस् रेसोर्ट एण्ड स्पा | काठमाडौं, पोखरा, चितवन | १५ |
| ४ | ओदान रेष्टुरेन्ट एण्ड लज | बाँसबारी, काठमाडौं | १५ |
| ५ | सुकुटे भ्याली रिसोर्ट | सिन्धुपालचोक | १० |
| ६ | द फर्न रेसिढेन्सी, होटेल चितवन | चितवन | १५ |
| ७ | भरतपूर टाउन रेसिडेन्सी | मालपोत भरतपूर | १० |
| ८ | बजेट पसल डट कम | काठमाडौं | ३ |
| ९ | होटेल डयानडेलियन | पोखरा | १० |
| १० | आगन्तुक रिर्सोट | धुलिखेल, काभ्रे | २३ |
| ११ | डेन्टल प्रो एण्ड इम्प्लान्ट क्लिनीक बालाजु, | काठमाडौं | २० |
| १२ | इस्माइल डेन्टल केयर सेन्टर | डुर्मे | १० |
| १३ | काठमाडौं नेचुरोपेथी अस्पताल टोखा | काठमाडौं | १०-१५ |
| **क्र.सं.** | **गहना पसल** | **ठेगाना** | **छुट %** |
| १ | देव कर्नर ज्वेलरी | काठमाडौं | ३० |

## सम्झौता

| क्र.सं. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १ | iDE Nepal | ललितपुर |
| २ | Swiss contact for NAMDP phase II | ललितपुर |
| ३ | KFW, Germany for SEDRA II | जर्मनी |
| ४ | LIBIRD Consulting Pvt. Ltd. support for Winrock International KISAN II | ललितपुर |
| ५ | Tansen Municipality in Collaboration with Rural Economic Association of Nepal (REDA) for different types of loan | तानसेन |
| **क्र.सं.** | **स्कुल** | **ठेगाना** |
| १ | मल्पी इन्टरनेसनल कलेज | काठमाडौं |

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
“जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ”

बचत
शब्द छोटो
अर्थ मिठो



Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

Toll Free Number :16600149999

Member of
Global Alliance for
Banking on Values

scan to know more









